आज मिति २०८१।१२।२६ गते (ने.सं.११४५ चौलाथ्व एकादशी) सोमबारका दिन दिनको ४:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को २० औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| दिवा कुमारी तिलिजा पुन | कार्यवाहक अध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।१२।२६ गते

समय : दिनको ४:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।१२।२२ गते

**मिति २०८१।१२।२६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १: पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २: SEVIMS को software हस्तान्तरण

प्रस्ताव नं ३ : प्रोफाइलको तथ्याङ्क संकलन

प्रस्ताव नं ४ : ७ नं वडा कार्यालयको जग्गाको विषय

प्रस्ताव नं ५: प्रदेश समपुरक र विशेष अनुदानको माग

प्रस्ताव नं ६ : मुख्यमन्त्री नवपर्वतन साझेदारी

प्रस्ताव नं ७ : नेपाल पर्यटन बोर्डको कार्यक्रम कार्यान्यन गर्ने बारे

प्रस्ताव नं ८ : काफलडाँडा आ.वि.को जग्गा भोगचलन

प्रस्ताव नं ९ : विविध

**रामप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं १ :**

प्रस्ताव नं १ कार्यपालिकाको पूर्व निर्णयहरु समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइरहेको पाइयो ।

**निर्णय नं २:**

प्रस्ताव नं २ उपर छलफल गर्दा UNDP द्वारा यस गाउँपालिकाको लागि तपसिलको बमोजिमको सामाग्री हस्तान्तरण भएको जानकारी भयो ।

१) PVC Card Printer – 1 Pcs
२) Card (PVC) – 2500 Pcs
३) Ribbon – 4 Pcs
४) SEVIMS Software को Source Code

**निर्णय नं ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकाको प्रोफाइल निर्माण गर्नको लागि UNDP द्वारा हस्तान्तरण भएको Socio-Economic Vulnerability Information Management System (SEVIMS) Software मा भएको प्रश्नावलीहरुको विस्तृत अध्ययन गरी उक्त सफ्टवयरमा रहेको प्रश्नावलीको कार्यभार मुल्याङ्कन गरी प्रति घरपरिवार संख्याको आधारमा डाटा संकलन गर्नको लागि गणकहरु नियुक्ति गरी डाटा संकलन गर्ने ।

**निर्णय नं ४:**

प्रस्ताव नं ४ उपर छलफल कार्यपालिकाको मिति २०८१।१०।२४ को निर्णयानुसार ७ नं वडा कार्यालयको भवन निर्माणको लागि प्राप्त गर्ने गरी निर्णय भएका जग्गाहरुको सम्बन्धमा विभिन्न कित्ताका जग्गाहरु प्राप्त हुन नसक्ने अवस्था देखिएकाले तपसिल बमोजिमका जग्गाहरु निशुल्क प्राप्त गर्न वडा कार्यालयबाट निर्णय र सिफारिस भई आएकाले उल्लेखित जग्गा प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

तपसिल

| क्र. सं. | जग्गा धनीको नाम | वडा नं. \सिट नं. | कि.नं. | जम्मा क्षेत्रफल | गाउँपालिकाको नाममा जाने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भक्तराम पुन | ३\क | १८ | ०-८-०-० | ०-८-०-० | |
| २ | चतिमा गर्बुजा पुन | ३\क | १६ | ०-६-०-२ | ०-६-०-२ | |

गाउँ अन्नपूर्ण गाउँपालिका कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | लोक बहादुर फगामी पुन | ३\क | ३७ | ०-६-१-३ | ०-६-१-३ | |
| ४ | लोक बहादुर पुन | ३\क | १७ | ०-३-१-१ | ०-३-१-१ | |
| ५ | भिममाया गर्बुजा | ३\क | १५ | ०-३-३-३ | ०-३-३-३ | |
| ६ | गौमाया गर्बुजा | ३\क | १९ | ०-५-२-० | ०-५-२-० | |
| ७ | सुनमति गर्बुजा | ३\क | २८ | ०-४-१-२ | ०-४-१-२ | |
| ८ | प्रितम रन्तिजा | ३\क | ३९५ | ०-१२-३-१ | ०-२-०-० | ०-१०-३-१ (जग्गाधनी कै नाममा रहने) |
| ९ | गौरी गर्बुजा | ३\क | २९ | ०-५-०-१ | ०-५-०-१ | |
| १० | भक्त बहादुर गर्बुजा पुन | ३।क | १३ | ०-४-३-२ | ०-४-३-२ | |
| जम्मा क्षेत्रफल(रो.आ.पै.दा.) | | | | | ३-१-२-२ | |

**निर्णय नं ५ :**

प्रस्ताव नं ५ उपर छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८१।१२।१३ गते, चलानी नं ४९४ गतेको विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रको व्यहोरा अवगत भयो, यस सम्बन्धमा आगामी कार्यपालिकामा पुन छलफल गरी आयोजना पेश गर्ने ।

**निर्णय नं ६ :**

प्रस्ताव न ६ उपर छलफल गर्दा प्रस्ताव नं ६ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बाट मिति २०८१।१२।२२ गते प्रथम पटक प्रकाशित अवधारणा पेश गर्ने सम्बन्धी सूचना अनुसार चालु आ.व. २०८१।८२ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको कार्यविधि, २०७८ अनुसार आर्थिक विकासको क्षेत्रलाई समेटेर प्रस्ताव पत्र तयार गर्नको लागि तपसिलको बमोजिमको समिति गठन गर्ने ।

क) खम बहादुर गर्बुजा, आर्थिक विकास समितिको संयोजक, - संयोजक

ख) श्याम सरण कुर्मी, कृषि अधिकृत - सदस्य

ग) रमेश थापा, सूचना प्रविधि अधिकृत - सदस्य-सचिव

साथै उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने लागत साझेदारी रकम आगामी गाउँसभाको अधिवेशन बाट विनियोजन गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयको मिति २०८१।१२।१५ गतेको चलानी नं : ग.प्र.का.८१।८२।२७ को पर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको सम्बन्धमा पत्रानुसार 'मौरिस हर्जोक ट्रेलको विकास तथा प्रवर्द्धन' गर्न २० लाख बजेट रहेको व्यहोरा जानकारी प्राप्त भयो। उक्त कार्यक्रम के कसरी कार्यान्वयन गर्ने विषयमा आगामी कार्यपालिकामा छलफल गर्ने ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा मिति २०८१।०२।०३ गते श्री काफलडाँडा आधारभुत विद्यालय, अन्नपूर्ण -८, काफलडाँडाको जग्गाको भोगचलन विषयमा गरेको तपसिल बमोजिम निर्णयलाई पुनः अनुमोदन गरी सम्बन्धित निकायमा कामकारवाही अगाडी बढाउने ।

तपसिल :

श्री काफलडाँडा आधारभूत विद्यालय, अन्नपूर्ण-८, काफँलडाँडा ले चलानी नं. २७, मिति २०८१।०१।२७ गते विद्यालय भवनको जग्गा भोगाधिकार(भोगचलन) को लागि आवश्यक सहजिकरण गरिदिने सम्बन्धी पत्र उपर छलफल गर्दा साविक राम्चे गा.वि.स. वडा नं ७/ग कि.न. २ को कुल क्षेत्रफल ११-३-१-३ मध्ये ६-१०-१-० क्षेत्रफल विगत ११ बर्ष देखि भवन समेत बनाई भोगचलन गर्दै आएको तर स्वामित्व नभएको हुँदा ' सार्वजनिक जग्गा प्रयोग सम्बन्धी मापदण्ड, २०७७' को दफा ३ अनुसार भोगचलनको निम्ती नेपाल सरकार समक्ष अनुरोध गर्ने । सो को लागि आवश्यक कामकारवाही अगाडि बढाउने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत